# <u>प्रदेश स्वायत संस्था गठन गर्ने सम्बन्धमा बनेको विधेयक, २०७६</u>

**प्रस्तावना :** उद्योग, पर्यटन, कृषि, वन तथा वातावरण, संचार, उर्जा तथा प्रविधि लगायत सामाजिक, आर्थिक क्षेत्रको विकास र प्रवर्द्धन गर्न प्रदेश सरकार अन्तर्गत गठन हुने विभिन्न समिति, वोर्ड, प्राधिकरण, प्रतिष्ठान लगायतका स्वायत्त एवं अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्था गठन गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. १ को प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यो ऐनको नाम **"प्रदेश स्वायत संस्था गठन ऐन, २०७६"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा ;-

(क) **"अधिकृत"** भन्नाले यस ऐन वा यस ऐन अन्तर्गत बन्ने नियमावली बमोजिम गठन हुने स्वायत संस्थाको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ ।

(ख) **"अध्यक्ष"** भन्नाले यस ऐन वा यस ऐन अन्तर्गत स्वीकृत हुने नियम बमोजिम गठन हुने संस्थाको अध्यक्ष सम्झनु पर्छ ।

(ग) **"मन्त्री"** भन्नाले प्रदेश नं. १ को मन्त्रिपरिषद्को सदस्यलाई सम्झनु पर्छ, सो शब्दले मुख्यमन्त्री समेतलाई बुझाउँछ ।

(घ) **"तोकिए"** वा **"तोकिए बमोजिम"** भन्नाले यस ऐन बमोजिम मन्त्रिपरिषद्बाट स्वीकृत भै लागु हुने नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) **"प्रदेश"** भन्नाले प्रदेश नं. १ सम्झनु पर्छ ।

(च) **"सदस्य"** भन्नाले यस ऐन र यस ऐन बमोजिम स्वीकृत भै हुने नियमावली बमोजिम गठन हुने पदेन सदस्य र नियुक्त हुने सदस्य सम्झनु पर्छ ।

(छ) **"संस्था"** भन्नाले यस ऐन अन्तर्गतको नियमावली बमोजिम गठन हुने प्रदेश सरकार अन्तर्गतको कुनै स्वायत संस्था, समिति, वोर्ड, प्राधिकरण, प्रतिष्ठान वा यस्तै किसिमको अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित र संगठित संस्था सम्झनु पर्छ ।

३. **<u>प्रदेश संस्था गठनका आधार</u>** : (१) यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम गठन हुने संस्थाको अध्यक्षमा प्रत्येक संस्थाका लागि स्वीकृत हुने नियमावली बमोजिम प्रदेश सरकारको मन्त्री वा प्रदेश सरकारको प्रमुख सचिव वा प्रदेश मन्त्रालयका सचिव वा अन्य अधिकृत हुनेछ ।

(२) यस ऐन बमोजिम गठन हुने संस्थामा अध्यक्ष वाहेक तोकिए बमोजिमका श्रेणी वा तहका अधिकृत, कर्मचारी, पदेन सदस्य र अन्य तोकिए बमोजिमका सदस्य रहने छन् र  अन्य सदस्यको योग्यता, नियुक्ति प्रकृया कार्यकाल र अन्य विषय तोकिए बमोजिम हुनेछ ।

(३) यस ऐन बमोजिम वा तोकिए बमोजिम गठन हुने प्रत्येक संस्थामा एक मुख्य प्रशासनिक प्रमुख भै पूर्णकालिन रुपमा कार्य गर्ने अधिकृत नियुक्त हुने छन् र त्यस्तो अधिकृतको कार्यकाल तोकिए बमोजिम बढीमा चार वर्षको हुनेछ ।

(४) उपदफा (३) बमोजिम नियुक्त हुने व्यक्तिको छनौट तोकिए बमोजिमको छनौट समितिद्वारा तोकिए बमोजिमको प्रकृया पुरा गरी छनौट हुनेछ ।

(५) उपदफा (४) बमोजिम छनौट भएका व्यक्तिलाई गठन हुने संस्थामा प्रदेश सरकारले नियुक्त गर्नेछ ।

४. **पदाधिकारीको योग्यता एवं सेवा, सुविधा र शर्त सम्बन्धी व्यवस्था** : (१) यस ऐन बमोजिम गठन हुने प्रत्येक संस्थाको पदेन बाहेकका अन्य सदस्य एवं अधिकृतको योग्यता एवं सेवा, सुविधा र शर्त तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको योग्यता तोक्दा सदस्यको हकमा कम्तिमा पन्ध्र वर्षको अनुभव र अधिकृतको हकमा कृषि, इन्जिनियरीङ्ग, विज्ञान व्यवस्थापन, अर्थशास्त्र, जनप्रशासन, समाजशास्त्र वा कानून विषयमा मान्यता प्राप्त विश्व विद्यालयबाट स्नातक तह उत्तीर्ण गरी कम्तिमा सम्बन्धीत विषयमा पाँच वर्षको अनुभव हुनु पर्नेछ र सेवा सुविधा तोक्दा प्रचलित संघीय एवं प्रादेशिक कानूनलाई आधार मान्नु पर्नेछ ।

५. **पदमुक्त हुने व्यवस्था** : (१) यस ऐनको दफा ३ को उपदफा (२) बमोजिमका सदस्य र अन्य सदस्य देहायको अवस्थामा पद मुक्त हुनेछ :-

(क) अध्यक्ष समक्ष लिखित राजिनामा दिएमा,
(ख) पैंसठ्ठी वर्ष उमेर पुरा भएमा,
(ग) निजको मृत्यु भएमा,
(घ) फौजदारी अभियोग लागि कसूरदार ठहरिएमा,
(ङ) प्रदेश सरकारले कार्यक्षमताको अभावमा पदमुक्त गरेमा,

तर खण्ड (ङ) बमोजिम पदमुक्त गर्दा त्यस्तो सदस्यलाई सफाई पेश गर्ने मौका दिइनेछ।

(२) यस ऐनको दफा ३ को उपदफा (३) बमोजिम नियुक्त हुने अधिकृत देहाय बमोजिम पदमुक्त हुनेछः-

(क) अध्यक्ष समक्ष लिखित राजिनामा दिएमा,
(ख) निजको मृत्यु भएमा,
(ग) पैंसठ्ठी वर्ष उमेर पूरा भएमा,

(घ) फौजदारी अभियोग लागि कसूरदार ठहरिएमा,

(ङ) प्रदेश सरकारले कार्यक्षमताको अभावमा पदमुक्त गरेमा,

तर खण्ड (ङ) बमोजिम पदमुक्त गर्दा पदमुक्त हुने अधिकृतलाई सफाई पेश गर्ने मौका दिइनेछ ।

६. **<u>पूनः नियुक्ति सम्बन्धी व्यवस्था</u>** : यस ऐन बमोजिम नियुक्त हुने पदेन वाहेकका अन्य सदस्य तथा अधिकृत पूनः एक कार्यकालको लागि नियुक्त हुन सक्नेछ ।

७. **<u>संस्था गठनका क्षेत्र</u>** : यस ऐन बमोजिम प्रदेश सरकारले समिति, आयोग ,वोर्ड, प्राधिकरण वा प्रतिष्ठान गठन गर्दा कृषि, पर्यटन ,उर्जा, वन तथा वातावरण ,उद्योग, संचार, सामाजिक विकासको क्षेत्रमा खास विषयमा प्रवर्द्धन विकास गरी सरकारले लिएको लक्ष्य एवं उद्देश्य पूर्तिका लागि गठन हुनेछ ।

८. **<u>संस्था गठन हुने अन्य व्यवस्था</u>** : (१) संस्था गठन गर्दा प्रत्येक संस्थाको उद्देश्य, क्षेत्राधिकार र कोष संचालन तथा लेखा परीक्षण सम्बन्धी व्यवस्था सम्बन्धीत संस्था गठन गर्ने नियमावलीमा स्पष्ट हुनुपर्नेछ ।

(२) यस ऐन बमोजिम गठन हुने संस्थाको बजेट र कर्मचारी सम्बन्धि, व्यवस्था सम्बन्धीत संस्था गठन सम्बन्धी नियमावलीमा उल्लेख गर्नुपर्नेछ ।

(३) यस ऐन बमोजिम गठन हुने संस्थाको गठन गर्दा त्यस्तो संस्था आफ्नै सामर्थ्यमा संचालन हुन सक्ने आधार र प्रकृया समेतलाई ख्याल गर्नुपर्नेछ ।

९. **<u>अन्य कानून सम्बन्धमा</u>** : माथिका दफामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सभाबाट पारित ऐन बमोजिम कुनै खास आयोग, समिति, वोर्ड, प्राधिकरण, प्रतिष्ठान गठन गर्न र त्यस्तो संस्था सञ्चालन गर्न यो ऐनले कुनै बाधा पार्ने छैन ।

१०. **<u>प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था</u>** : (१) यस ऐन बमोजिम प्रदेश सरकारले प्रत्येक संस्था गठन गर्न, त्यस्तो संस्थाको सञ्चालन, व्यवस्थापन र नियमन गर्नको लागि नियमावली स्वीकृत गरी लागू गर्नु पर्नेछ ।